विशेष अदालत,काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

सदस्य माननीय न्यायाधीश श्री नारायण प्रसाद पोखरेल

फैसला

मुद्दा नं. ०७२-CR-००६५

नि.नं.- ५४

(इजलास नं. २)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान अधिकृत कमल प्रसाद मिश्रको प्रतिवेदनले नेपाल सरकार.....**वादी**

बिरुद्ध

जयकान्त झाको नाति, राजकुमार झाको छोरा, महोत्तरी जिल्ला, भंगहा गा.वि.स., वडा नं.-६घर भई जिल्ला वन कार्यालय, जाजरकोटमा सहायक वन अधिकृत पदमा कार्यरत बर्ष ४१ को लालबाबु झा.....**प्रतिवादी**

मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको।

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

१.उजुरी निवेदनको संक्षिप्त व्यहोरा :-

जाजरकोट जिल्लाबाट निकासी हुने वन पैदावारको छोडपूर्जी बनाउन, सामुदायिक वनको कार्य योजना बनाउन र IEE का लागि TOR सिफारिश गर्न जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत

.....

लालबाबु झाले रिसवत/घुस माग गरेको हुँदा निजलाई रिसवत/घुस बापत दिन रू.४८,०००/-उपलब्ध गराई निजलाई कारबाही गरिपाऊँ भन्ने समेत ब्यहोराको मिति २०७२/०८/२५ को कोहलपुर-३ बाँकेका दिपक रेग्मीको उजुरी निवेदन।

२.**उजुरकर्ता दिपक रेग्मीले रकम बुझेको भरपाई कागज :**

रिसवत/घुस दिने प्रयोजनका लागि भरपाईमा उल्लिखित नम्वर भएका रु.१०००/- दरका नोट थान ४८ को हुने जम्मा रू.४८,०००/- निवेदकले बुझी लिएको मिति २०७२।०८।२५ को भरपाई कागज ।

३.**खटाई पठाइएको पत्रः**

उजुरीकर्ता दिपक रेग्मीले जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत लालबाबु झालाई रिसवत/घुस दिने प्रयोजनका लागि आयोगवाट रू.४८,०००/- बुझी लिएको हुँदा जिल्ला वन कार्यालय जाजरकोटका सहायक वन अधिकृत लालबाबु झाले रिसवत/घुस लिएको पाइएमा निजलाई दसी प्रमाणसहित पक्राउ गरी दाखिला गर्नको लागि प्र.नि. कृष्णबहादुर विष्टसमेतलाई खटाइएको मिति २०७२।०८।२७ च.नं. ८७१ को पत्र ।

४.**खानतलासी/बरामदी मुचुल्काः**

जाजरकोट जिल्लास्थित पूर्वतर्फ नेपाल टेलिकम, पश्चिमतर्फ सरकारी जंगल, उत्तरतर्फ गैरी खाली जाने बाटो र दक्षिणतर्फ भिर जंगल यति चारकिल्लाभित्र रहेको जिल्ला वन कार्यालयको योजना शाखामा सहायक वन अधिकृत लालबाबु झालाई नियन्त्रणमा लिई उल्लिखित स्थानमा निजको रितपूर्वक शरीर खानतलासी लिंदा रु.१,०००/- दरका निम्नबमोजिमका नम्वरका जम्मा ४८ थान नगद रू.४८,०००/-(अक्षेरुपी अठ्चालिस हजार) निजको शरीरबाट बरामद भएको भन्नेसमेत व्यहोराको मिति २०७२।८।२७ को खानतलासी बरामदी मुचुल्का ।

सि.नं.	नोट नम्बरहरू	सि.नं.	नोट नम्बरहरू	सि.नं.	नोट नम्बरहरू
१	घ९/४९३०७७	२	ङ१४/६०९७२४	३	घ४८/५१८५७५
४	घ३४/०२७७१७	५	ग३४/७०४८०३	६	ङ१०/६१३४२९
७	ग७९/४१८९०५	८	घ९२/२२३३६५	९	घ३१/५५९०१९
१०	घ६४/८६१८४१	११	ग७८/३७३१२९	१२	ग९६/५२२२३२
१३	ङ२१/१३६९१९	१४	ग९७/५२१०९६	१५	ङ४७/३२२७६९
१६	ङ१०/६२३४०४	१७	ख६९/४६०३५५	१८	घ४०/०३२९५९
१९	घ३१/३२२४९८	२०	ङ६५/६९७२६८	२१	गट७/४९१४४५
२२	ग४१/५५६३१७	२३	ङ४८/६९२६१८	२४	ङ१६/३८३२०८
२५	ङ४१/६३२६९३	२६	ग१/९१७०८४	२७	ग९०/०६३४६९
२८	ख३३/५०८५५२	२९	ङ१३/१३२९१०	३०	घट१/८४५९९८

.....

३१	ग७६/५६८९८७	३२	च४१/०७९४०३	३३	ख५८/१५९२१३
३४	घ४८/२८५९४१	३५	घ३४/५२९३०९	३६	घ२५/२०७०१५
३७	ग९५/५६५३९३	३८	घ१४/२४६७४२	३९	ख४४/७९१८०५
४०	ङ२४/९४७०६६	४१	ङ२/३७१२४०	४२	ङ२१/१२०००१
४३	ग१३/९१७२४१	४४	ग५२/१८२६०४	४५	ग९९/१६९०२०
४६	घ६८/४५८४६४	४७	ग८/१०८१३२	४८	घ३६/३७३०४०

५. प्र.नि. कृष्णबहादुर विष्टसमेतको प्रतिवेदन :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेतको प.सं. ०७२/०७३ च.नं. ८७१ मिति २०७२/०८/२७ गतेको पत्रबाट खटाइएबमोजिम उजुरी निवेदकसँग समन्वय गरी जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत लालवावु झाको कार्यकक्षमा मिति २०७२/०८/२७ गते खानतलासी गर्दा निजको शरीरबाट आयोगबाट उपलब्ध गराएको रु.१,०००/- दरको नोट थान- ४८ को हुने रु.४८,०००।–नगदसमेत बरामद गरी निज सहायक वन अधिकृत लालबाबु झा र प्रवेश मुचुल्का एवं खानतलासी/बरामदी मुचुल्का र भिडियो फुटेजहरूसहित यसै प्रतिवेदनसाथ पेश गरेका छौं भन्ने समेत ब्यहोराको प्रतिवेदन।

६.जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत लालबाबु झाले गरेको बयान:

म जिल्ला वन कार्यालय, जाजरकोटमा सहायक वन अधिकृत पदमा रही योजना फाँटमा काम गर्छु । मेरो जिम्मेवारीअन्तर्गत योजनासम्वन्धी कामहरू जस्तै कार्य योजना हेर्ने, कार्यक्रम निर्माण गर्ने, प्रगति तयारी आदि पर्दछन् । मिति २०७० बैशाखदेखि म यस कार्यालयमा कार्यरत छु। मिति २०७२/०८/२७ गते मैले कुनै पनि सेवाग्राहीसँग रकम लिएको होइन, उजुरीकर्ताको जिकिरलाई नकार्छु, बरामदी मुचुल्कामा उल्लिखित नोट र योजना फाँटबाट बरामद भएको नोट एउटै हो वा होइन ठम्याउन सकिन तर त्यहाँ केही मानिसहरूले रुजु गरिरहेका थिए ।वारदात अवस्थामा मलाई एक्कासी रुक्नुहोस् , यहाँ खानतलासी गर्नुछ भन्दा म डायविटिजको बिरामी भएकाले आँखा तिरमिरायो, नोट कहाँबाट आयो र कसले त्यहाँ राख्यो थाहा भएन । कथित बरामद नोटको छाँयाप्रतिको पछाडिको सही मेरो हो भन्ने समेत ब्यहोराको बयान ।

७. निवेदक दिपक रेग्मीको कागज :

मिति २०७२/०८/२५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, म.प.क्षेत्रीय कार्यालय, सुर्खेतमा दिएको उजुरीको व्यहोरा र सहीछाप मेरो नै हो ।आफूले काम सञ्चालन गरिरहेको सामुदायिक वनको कार्य योजना निज लालबाबु झाबाट सिफारिस गर्ने तथा गराउने गरेको थिएँ । त्यसैले निज लालबाबु झाले मसँग उक्त

.....

सिफारिस गर्ने काम गरेबापत पटक पटक रकम माग गर्ने गरेको र मिति २०७२/०८/२७ गते म खोटोको छोडपूर्जी सहमति लिनलाई जिल्ला वन कार्यालय जाजरकोट गएको थिएँ, मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, म.प.क्षेत्रीय कार्यालय सुर्खेतबाट भरपाई गरी लिएको रू.४८,०००/- सामुदायिक वनको कार्य योजना र संकलन गरिएको खोटो छोडपूर्जी सहमतिको सिफारिशको लागि सहायक वन अधिकृत लालबाबु झालाई रिसवत/घुसको लागि दिएको हुँ । निज लालबाबु झासँग मेरो ब्यवसाय गर्ने सिलसिलामा चिनजान भएको हो, निजसँग मेरो कुनै लेनदेन तथा रिसइवी छैन भन्ने समेत ब्यहोराको कागज।

८. **<u>जिल्ला वन कार्यालय, जाजरकोटका निमित्त जिल्ला वन अधिकृत रामप्रसाद पंडितले गरेको कागज:</u>**

मिति २०७२/०८/२७ गते वारदातको समयमा म आफ्नो कार्यकक्षमा थिएँ, बाहिर निस्कँदा एक जना सरले भने पछि योजना फाँटमा गएको थिएँ, योजना फाँटमा रू.४८,०००/- बरामद भएको थियो, खानतलासी तथा बरामदी मुचुल्का र प्रवेश मुचुल्कामा भएको सहिछाप मेरो नै हो भन्ने समेतको ब्यहोराको कागज।

९.**<u>जिल्ला वन कार्यालय, जाजरकोटका फरेष्टर पूर्णबहादुर चन्दले गरेको कागज :</u>**

मिति २०७२/०८/२७ गते आयोगको टोलीले खानतलासी गर्दा बरामद गरेको नोटका नम्वरहरू र छाँयाकपिमा भएको नोटका नम्बरहरू मैले नै रूजु गरेको हुँ । बरामदी मुचुल्का र प्रवेश मुचुल्का गरेको ठीक साँचो हो, त्यसमा भएको सहिछाप मेरो हो । बरामद भएको रकम रु.४८,०००/- मैले नै आयोगको टोलीलाई भरपाई गरी बुझाएको हो भन्ने समेत ब्यहोराको कागज ।

१०.**<u>प्रतिवेदक प्र.नि. कृष्णबहादुर विष्टसमेतले पेश गरेको अडियो भिडियो डिभिडिको व्यहोरा:</u>**

सहायक वन अधिकृत लालबाबु झाको पाइन्टको पछाडिको खल्तीबाट लालबाबु झा स्वयंले निकालेको रकम निजले नै गन्ती गर्दा रु.१०००/- दरका थान ४८/- ले हुन आउने रकम रु.४८,०००/- रहेको र उक्त नोटका नम्वरहरू र आयोगको डोरका साथमा रहेको छाँयाकपिमा भएको नोटका नम्बरहरू रूजु गरेको भन्ने समेतको व्यहोरा ।

११.**<u>अभियोग र मागदावी:</u>**

जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत लालबाबु झाले आफ्नो ओहोदाले गर्नुपर्ने सेवाग्राही दिपक रेग्मीको जिल्लाबाट निकासा हुने वन पैदावारको छोडपूर्जी बनाउने, सामुदायिक वन कार्य

योजना र IEE का लागि TOR सिफारिश गर्ने समेत काम गर्नका लागि भनी आफ्नो निमित्त रिसवत/घुस माग गरेको र उजुरी निवेदकबाट रिसवत/घुस लिन मंजुर गरी रिसवत/घुस रकम रु.४८,०००।– (अक्षेरुपी अठ्चालिस हजार) लिएको पुष्टि हुन आई राष्ट्रसेवक लालबाबु झाले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३ (१) को कसुर गरेको देखिएकाले विगो रु.४८,०००।– (अक्षेरुपी अठ्चालिस हजार) कायम गरी लालबाबु झालाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३(१) र दफा ३(१)(ख) बमोजिम कैद र जरिवाना सजायसमेत गरी पाउन साथै रिसवत/घुस बापत अख्तियार दुरुपयोग अनुसन्धान आयोग, म.प.क्षेत्रीय कार्यालय सुर्खेतबाट उपलव्ध गराइएको रू.४८,०००/- दशी स्वरुप प्रमाणमा लगाई आयोगलाई फिर्ता गरिपाऊँ भन्ने समेत व्यहोराको आरोप दाबी।

१२. प्रतिवादी लालबाबु झाले यस अदालतसमक्ष गरेको बयानः

म वि.सं. २०५४।८।१ मा रेन्जर पदमा जिल्ला वन कार्यालयबाट सेवा प्रवेश गरेको हुँ। हाल जिल्ला वन कार्यालय, जाजरकोटमा सहायक वन अधिकृत पदमा कार्यरत छु। मैले जाजरकोट जिल्लाबाट निकासी हुने वन पैदावारको छोडपूर्जी बनाएको छैन। म अधिकार प्राप्त अधिकारी पनि होइन। त्यसैले मैले छोडपूर्जी दिने कुरै आउँदैन। IEE को लागि TOR सिफारिस गर्ने पनि मैले होइन। मैले जिल्ला वन कार्यालयमा योजना फाँटमा काम गर्छु। हामीले खोटो निकासी नियमित भए नभएको हेर्ने गर्छौं। उजुरीवाला दिपक रेग्मीले आफूलाई जय बागेश्वरी रोजिन एण्ड टर्पेन्टाइन बाँकेको प्रतिनिधि हुँ भन्दथे। इमान्दारीपूर्वक संगठनको साख उच्च राख्ने क्रममा उनले मलाई धम्की पनि दिएका थिए। निजले गरेको खोटो संकलनका विषयमा उजुरी परेपछि मेरो संयोजकत्वमा छानविन टोली गठन भै तिनवटा सामुदायिक वनको प्रतिवेदन मैले पेश गरें। जसमा खोटो संकलन प्रक्रिया त्रुटिपूर्ण रहेकोले हाल रोक्का राख्नें भनी मैले ठोस राय पेश गरेको साथै अर्को निजले काम गर्न खोजेको सल्लेरी सामुदायिक र गजेनी पाखा सामुदायिक वनको IEE को लागि TOR जिल्लामा पेश हुँदा सिफारिस नहुनु र सो सम्बन्धमा बगलामुखी रोजिन एण्ड टर्पेन्टाइनले उजूरी गरेकाले छानविन गरी पेश गर्नु भनी लेखी आएकोले उजूरीकर्ताले हतास मनस्थितिमा रिसइवी पोख्ने काम गरेका हुन्। मेरो साथबाट रकम बरामद भएको होइन। उजूरवालाले भनेका कुरा मेरो ओहोदाले गर्ने काम, कर्तव्य र अधिकारभित्रको काम नै होइन। त्यसैले आफ्नो ओहदाभित्रको कामै नहुने कार्यको लागि मैले केही माग्न मिल्दैन। मागेकै होइन, लिने त कुरै आउँदैन। अर्को कुरा TOR, IEE र कार्य योजनाको कार्य जिल्ला वन कार्यालयबाट भएकै छैन भनें यस्ता कुरा कहाँबाट आयो। यो आरोप सरासर झुठ्ठा हो। रिसइवी मात्रै हो। त्यसैले मैले कुनैपनि राष्ट्रसेवकले गर्न

.....

नेपाल सरकार वि. लालबाबु झा, मुद्दा -भ्रष्टाचार(घुस/रिसवत), मुद्दा नं. ०७२-CR-००६५, फैसला पृष्ठ १८ मध्ये पृष्ठ 5

नहुने काम नगरेको हुनाले म माथि लागेको आरोप उचित होइन। मैले आरोपदावीबाट सफाई पाउनुपर्छ। जुन व्यक्ति (दिपक रेग्मी) को कार्य गलत छ भनी उजूरी परी म आफै छानविन गरी निजलाई गलत ठहऱ्याई प्रतिवेदन बुझाएँ। उसैको उजूरी लिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ममाथि कारवाही गर्न खोजेको छ। त्यस्तो अवस्थामा मैले कसरी काम गर्न सक्छु ।यसतर्फ विचार गरी न्याय पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी लालबाबु झाले मिति २०७३।२।९ मा यस अदालतसमक्ष गरेको बयान।

१३. थुनछेक आदेशः

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) र (च) बमोजिम निजले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा राखेको धरौटी रु.९६,०००।- मध्येबाट रु.४८,०००।- धरौट कायम गरिदिएको छ। निजलाई तारेखमा राखी उक्त धरौट रकम यस अदालतमा झिकाई धरौटी खातामा आम्दानी बाँध्नु भन्ने समेत यस अदालतबाट मिति २०७३।२।९ मा भएको थुनछेक आदेश।

१४. साक्षी बकपत्रः

- प्रतिवादीले कहिले पनि काममा ढिलासुस्ती गर्नु हुँदैनथ्यो। निज इमान्दार व्यक्ति हुनुहुन्छ। म सामुदायिक वन उपभोक्ता समितिमा काम गर्ने मान्छे भएकोले यो विषयमा प्रष्टै थाहा छ। लालबाबु झाले भ्रष्टाचार गरेको भन्ने अभियोग झुठ्ठा हो। उहाँलाई फसाइएको हो। बदनियतपूर्वक ढङ्गले काम गर्ने दिपक रेग्मीका योजनाहरु पुरा नहुँदा प्रतिवादीलाई धोका दिइएको हो भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी लाल बहादुर महताराले गरेको बकपत्र।
- बरामदी मुचुल्कामा भएको सहिछाप मेरै हो। पैसा बरामद कहाँबाट भएको हो, भन्ने मलाई थाहा छैन भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी रामप्रसाद पण्डितले गरेको बकपत्र।
- उजुरीकर्ताले एकल बजार कब्जा गर्ने नियतले गतिविधि गर्ने हुँदा सो कुरा रोक्न खोज्दा लालबाबु झा शिकार बन्नु भएको हो। प्रतिवादी इमान्दार कर्मचारी हुनुहुन्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी चन्द्रप्रकाश घर्तिले गरेको बकपत्र।
- खानतलासी तथा बरामदी मुचुल्कामा भएको सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वादीका साक्षी टेकराज शर्माले गरेको बकपत्र।

.....

नेपाल सरकार वि. लालबाबु झा, मुद्दा -भ्रष्टाचार(घुस/रिसवत), मुद्दा नं. ०७२-CR-००६५, फैसला पृष्ठ १८ मध्ये पृष्ठ 6

- रकम कहाँबाट बरामद भयो थाहा छैन। प्रतिवादी इमान्दार, सक्षम र कर्तव्यनिष्ठ कर्मचारी हो। वहाँले घुस लिएको हो भन्ने मलाई लाग्दैन भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी मोहम्मद समिर आले हजामले गरेको बकपत्र।
- मैले रकम बरामद भएको देखिन । साक्षी बस्नुपर्‍यो भनेकाले सही गरेको हुँ। प्रतिवादी पुरस्कारसमेत पाएको कर्मचारी हो। उहाँलाई फसाउन खोजिएको हो भन्ने समेत व्यहोराको वादीका साक्षी राधेश्याम चौधरीले गरेको बकपत्र।
- बरामदी मुचुल्काको व्यहोरा र सहिछाप मेरै हो। रकम बरामद भएको मैले देखिन। रकम टेबुलमाथि रहेको अवस्थामा थियो भन्ने समेत व्यहोराको वादीका साक्षी पुर्णबहादुर चन्दले गरेको बकपत्र।
- रकम बरामद भएको देखिन। टेबुलमा रुपैयाँ राखेको थियो। साक्षी बस्नु पर्‍यो भनेकाले म साक्षी बसिदिएको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी पृथ्वी बहादुर बुढाले गरेको बकपत्र।
- बरामदी मुचुल्कामा भएको व्यहोरा ठिक हो। सो मा भएको सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वादीका साक्षी मोहन विष्ट, कृष्ण बहादुर विष्ट, सरोजकुमार ठकुराठीले गरेको बकपत्र।

- उजुरी निवेदन र सो मा भएको सहिछाप मेरै हो। लालबाबु झा प्रति मलाई अति नै रिस उठेकाले मैले वहाँ जिल्ला वन अधिकृतको कोठामा गएको समयमा उहाँको कार्यकक्षको फाइल र्‍याक (टेबुलको) मा छोडी बाहिरिएको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी उजूरीकर्ता दिपक रेग्मीले गरेको बकपत्र।

१५. सि.डी. लिपिबद्धः

यस अदालतका आदेशानुसार मिति २०७४।३।९ मा सि.डी. लिपिबद्ध भै मिसिल सामेल रहेको।

<u>ठहर-खण्ड</u>

१६. नियमबमोजिम दैनिक पेशी सूचीमा समावेश भई निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विदुषी उप-न्यायाधिवक्ता र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुसमेतले गर्नु भएको बहस बुँदाहरु देहायबमोजिम रहेका छन्।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विदुषी उप-न्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी।	प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्तात्रय डा.श्री भीमार्जुन आचार्य, श्री गोपाल मिश्र तथा श्री जितेन्द्र ढकाल।
• प्रतिवादी लालबाबु झाले जाजरकोट जिल्लाबाट निकासी हुने वन पैदावारको छोडपूर्जी बनाउन, सामुदायिक वन कार्य योजना बनाउन र IEE को लागि TOR सिफारिश गर्नका लागि सेवाग्राहीसँग घुस माग गरेको अवस्था रहेको छ। • अतः निवेदक दीपक रेग्मीले सोही व्यहोराङ्कन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष निवेदन दिई आयोगबाट प्राप्त गरेको रकम प्रतिवादीबाट बरामद भएको तथ्य बरामदी मुचुल्काबाट पुष्टि भएको छ। • निवेदकको निवेदन व्यहोरा र मौकाको बयानबाट प्रतिवादीले घुस लिएको प्रष्ट हुन्छ। • प्रतिवादीले आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न सकेको देखिँदैन। • प्रतिवादीले इन्कारी बयान गर्दैमा कसूरबाट उन्मुक्ति पाउन सक्दैन। • वादीका केही साक्षीले प्रतिकूल बकपत्र गर्दैमा मिसिल संलग्न अन्य प्रमाणलाई उपेक्षा गर्न मिल्दैन। • अतः मिसिल संलग्न प्रतिवेदन, प्रतिवादीको मौकाको बयान, श्रब्यदृश्यको व्यहोरा, साक्षी बकपत्रसमेतबाट प्रतिवादीले आरोप-दावीअनुरुपको कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई हदैसम्म सजाय हुनुपर्छ।	• श्री चिन्तेडाँडा तल्ले वन सामुदायिक वन उपभोक्ता समूहले मिति २०७२।८।२५ मा छोडपूर्जी सहमति सम्बन्धमा पठाएको पत्र जिल्ला वन कार्यालय, जाजरकोटमा मिति २०७२।८।२७ मा दर्ता भएको देखिन्छ। • तर सो विषयमा आयोगसमक्ष मिति २०७२।८।२५ मा नै उजूर परेको देखिन्छ। • कार्यालयमा पत्र नै नपुगी कर्मचारीले घुस मागेको भन्नु अस्वाभाविक र अविश्वसनीय छ। • जिल्ला वन कार्यालय, जाजरकोटबाट स्थानान्तरण सहमति मिति २०७२।८।२७ मा नै प्रदान गरिसकेको अवस्था छ। • प्रतिवादीले घुस माग्नुपर्ने अवस्था नै नरहेकोमा जबरजस्ती निजलाई फसाउने उद्देश्यले उजूर परेको हो। • प्रतिवादीको संयोजकत्वमा गठित छानविन समितिको प्रतिवेदनबाट उजूरवालाको स्वार्थमा प्रतिकूल असर पुगेको कारणले आयोगमा उजूर दिई झुठ्ठा मुद्दा चलाएका हुन्। • प्रतिवादीले स्वेच्छाले घुस मागेको अवस्था रहेको छैन। • बरामद भएको भनिएको रकम कहाँ र कसको साथबाट फेला परेको प्रष्ट छैन। • उजूरवालाको बकपत्रबाट प्रतिवादी निर्दोष रहेको देखिन्छ। • अतः प्रतिवादीलाई झुठ्ठा आरोप-दावीबाट सफाइ मिल्नुपर्छ।

१७. उपर्युक्त बहस सुनी आरोप-पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा, माथि तथ्य-खण्डमा उल्लिखित व्यहोराको आरोप-दावी र प्रतिवादीको बयानसमेत रहेको देखिन्छ। यसमा मूलतः देहायका दुई प्रश्नको निरुपण गर्नुपर्ने देखियो।

पहिलो पश्न	• प्रतिवादीले आरोप-दावीअनुरुपको कसूर गरेका हुन् वा होइनन्?
दोश्रो प्रश्न	• यदि प्रतिवादीले आरोप-दावीअनुरुपको कसूर गरेका हुन् भने निज प्रतिवादीलाई के कति सजाय हुनुपर्ने हो?

१८.<u>पहिलो प्रश्नतर्फ विचार गर्दा,</u> सर्वप्रथम भ्रष्टाचार निवारण ऐन, २०५९ ले सार्वजनिक संस्थाहरुमा सदा स्वच्छ, सदाचार र सुशासनमैत्री वातावरण कायम होस् भन्ने उद्देश्यले राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिए बापत वा नगर्न वा नगराइदिए बापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा रिसवत लिएको विगो र कसूरको मात्रानुसार रिसवत लिनेलाई वा लिन मन्जूर गर्नेलाई कैद र बिगोबमोजिम जरिवाना हुने व्यवस्थाको साथै रिसवत लिइसकेको भए सो रिसवतसमेत जफत हुने[१] कानूनी व्यवस्था गरेको पाइन्छ। त्यस्तै सोही ऐनले 'रिसवत' भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा सम्झनुपर्छ र सो शब्दले घुससमेतलाई जनाउँछ भनी परिभाषा गरेको पाइन्छ ।[२]

१९. प्रस्तुत कानूनी व्यवस्थाको कोणबाट यस मुद्दाको तथ्यावलोकन गर्दा, वादी नेपाल सरकारले मूलतः जिल्ला वन कार्यालय, जाजरकोटका सहायक वन अधिकृत लालबाबु झाले आफ्नो ओहदाबमोजिम गर्नुपर्ने सेवाग्राही दीपक रेग्मीको जिल्लाबाट निकासा हुने वन पैदावारको छोडपूर्जी बनाउने, सामुदायिक वन कार्य-योजना र IEE का लागि TOR सिफारिश गर्ने समेत काम गर्नका लागि भनी आफ्नो निमित्त घुस रकम रु.४८,०००।- लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई सोही ऐनको दफा ३(१) र दफा ३(१) (ख) बमोजिम कैद र जरिवानासमेत गरिपाऊँ भनी आरोप-दावी लिएको देखिन्छ।

२०.प्रतिवादी लालबाबु झाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म जिल्ला वन कार्यालय, जाजरकोटमा सहायक वन अधिकृत पदमा रही योजना फाँटमा काम गर्छु। २०७० साल बैशाख महिनादेखि सो

---

[१] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ (१)

[२] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २ (ख)

कार्यालयमा कार्यरत छु। मिति २०७२।८।२७ मा मैले कुनै पनि सेवाग्राहीसँग रकम लिएको होइन। उजूरीकर्ताको जिकिरलाई नकार्छु। बरामदी मुचुल्कामा उल्लिखित नोट र योजना फाँटबाट बरामद भएको नोट एउटै हो वा होइन ठम्याउन सकिन। तर त्यहाँ केही मानिसहरुले रुजु गरिरहेका थिए। वारदात अवस्थामा मलाई एक्कासी रुक्नुहोस्, यहाँ खानतलासी गर्नुछ भन्दा म डायविटिजको बिरामी भएकोले आँखा तिरमिरायो, नोट कहाँबाट आयो र कसले त्यहाँ राख्यो थाहा भएन। कथित बरामद नोटको छाँयाप्रतिको पछाडिको सही मेरो हो। मैले सेवाग्राहीबाट रु.४८,०००।- घुस लिएको होइन भनी बयान गरेको देखिन्छ भनें यस अदालतसमक्ष उजूरवालाको उजूरी व्यहोरा झुठ्ठा हो। उसले मसँग रिसइवी पोख्न यो काम गरेको हो। आफूले इमान्दारीपूर्वक काम गर्दा मलाई सडकमा ल्याईदिन्छु भनी निजले धम्की दिएका हुन्। मेरो संयोजकत्वमा गठित छानविन टोलीले पेश गरेको राय प्रतिवेदनबाट दीपक रेग्मीको ठूलो लगानी डुब्ने भएकोले मलाई फसाउन खोजेको हो। बयान लिने क्रममा बलजफ्ती सही गराएका हुन् । मेरो साथबाट रकम बरामद भएको होइन। रकम बरामद भएको दिन मेरो कार्यकक्षमा दीपक रेग्मी आएर बसेको थियो। त्यही बेला म काम विशेषले निजलाई मेरै कार्यकक्षमा छोडी कार्यालय प्रमुखकोमा गएको थिएँ। फर्केर आउँदा मेरो कार्यकक्षमा ऊ त्यहाँ थिएन। ती नोटहरु उसैले मेरो कार्यकक्षको कुनै ठाउँमा राखेको वा आयोगको साथीलाई दिएर पठाएको हुनुपर्छ। आरोप-दावीबाट सफाई पाऊँ भनी बयान गरेको देखिन्छ। यसरी निज प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् यस अदालतसमक्ष उजूरीकर्ताले रिसइवीको कारणबाट उजूर दिएको भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

२१.प्रस्तुत मुद्दामा उजूरीकर्ता दीपक रेग्मीले आयोगसमक्ष जाजरकोट जिल्लाबाट निकासी हुने वन पैदावार छोडपूर्जी बनाउन, सामुदायिक वनको कार्य-योजना बनाउन र IEE को लागि TOR सिफारिश गर्न सहायक वन अधिकृत लालबाबु झाले रिसवत/घुस माग गरेको हुँदा निजलाई रिसवत/घुस बापत दिन रु.४८,०००।- उपलब्ध गराई कारवाही गरिपाऊँ भनी मिति २०७२।८।२५ मा उजूर निवेदन दिनुको साथै सो निवेदन मागअनुरुप आयोगबाट रकमसमेत बुझी लिई भरपाई गरिदिएको देखिन्छ। त्यस्तै निज उजूरकर्ता दीपक रेग्मीले आयोगसमक्ष उजूरीको व्यहोरा र सहिछाप मेरो नै हो। आफूले काम सञ्चालन गरिरहेको सामुदायिक वनको कार्य-योजना निज लालबाबु झाबाट सिफारिश गर्ने तथा गराउने गरेको थिएँ। त्यसैले निज लालबाबु झाले मसँग सिफारिश गर्ने काम गरेबापत पटक पटक रकम माग गर्ने गरेको र मिति २०७२।८।२७ मा म खोटोको छोडपूर्जी सहमति लिनलाई जिल्ला वन कार्यालय, जाजरकोट गएको थिएँ। मैले आयोगबाट भरपाई गरी लिएको रु.४८,०००।- सामुदायिक वनको कार्य-योजना र सङ्कलन गरिएको खोटो छोडपूर्जी सहमतिको सिफारिशको लागि सहायक वन अधिकृत लालबाबु झालाई रिसवत/ घुसको

लागि दिएको हुँ भनी कागज गरेको देखिन्छ तर निज उजूरकर्ताले यस अदालतसमक्ष बकपत्र गर्ने क्रममा स.ज. १० मा जयबागेश्वरी रोजिनमा काम गर्ने क्रममा ४-५ वटा जति सामुदायिक वनमा खोटो संकलन गर्न भनी सामुदायिक वन उपभोक्ता समूहबाट सम्झौता गरी उक्त सम्झौता-पत्रको साथै अन्य कागजात राखी जिल्ला वन कार्यालय जाजरकोटमा सहायक वन अधिकृत लालबाबु झासमक्ष पेश गरेँ तर उहाँलाई मेरो कामप्रति चित्त नबुझेको हो या अन्य कुनै कारणबाट हो मलाई थाहा भएन।निजले मेरो काममा ढिलासुस्ती गरी उपभोक्ता समूहहरुको प्रतिवेदनमा उहाँ नकारात्मक हुनुभयो ।तत्पश्चात् मैले उहाँलाई केही पैसाको प्रलोभन पनि देखाएँ। त्यसपछि पनि उहाँले काम गरिदिन मान्नु भएन। मेरो धेरै रकम उक्त समूहहरुमा फसिसकेको थियो। त्यसपछि मलाई लालबाबु झा प्रति अति नै रिस उठ्यो र मैले रु.४८,०००।- आयोगको सहयोगबाट प्राप्त गरी फेरि प्रतिवादी लालबाबु झा मार्फत अन्य काम गराउने क्रममा सो रकम लालबाबु झा जिल्ला वन अधिकृतको कोठामा गएको समयमा मैले उहाँको कार्यकक्षको फाइल र्‍याक टेबुलमा छोडी म बाहिर गएको हुँ, स.ज. ११ मा मसँग लालबाबु झाले घुस/रिसवत माग्नु भएको होइन, स.ज. १२ मा मैले सबै काम उहाँप्रति रिस उठेर नै गरेको हो र स.ज. १३ एवम् १४ मा रिसको आवेगमा लालबाबु झालाई दुःख दिन र फसाउने नियतले सो गरेको हुँ भन्ने व्यहोराङ्कन गरेको देखिन्छ।

२२.मिसिल संलग्न साक्षी बकपत्र अवलोकन गर्दा वादीका साक्षीहरुले यस अदालतसमक्ष बरामदी मुचुल्कामा सहिछाप गरेको ठीक साँचो हो भनी बकपत्र गरेको देखिए तापनि प्रतिवादीको साक्षीद्वय लालबहादुर महतारा र चन्द्रप्रकाश घर्तिले प्रतिवादी लालबाबु झा इमान्दार कर्मचारी हुन्। निवेदक दीपक रेग्मीले आफू स्थापित हुन प्रतिवादी लालबाबु झालाई दवाब दिन्थे। प्रतिवादीउपरको आरोप-दावी झुठ्ठा हो भनी बकपत्र गरेको देखिन्छ।

२३.प्रस्तुत मुद्दा भ्रष्टाचारसँग सम्बद्ध फौजदारी मुद्दा भएकोमा निर्विवाद छ। फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार आपराधिक कार्य (Actus Reus) र आपरधिक मनसाय (Mens Rea) बेगर आपराधिक दायित्वको सिर्जना हुन सक्दैन। यस सैदान्तिक कोणबाट मिसिल संलग्न प्रमाणहरु अवलोकन गर्दा, सर्वप्रथम श्री चिन्तेडाँडा बल्ले वन, सामुदायिक वन उपभोक्ता समूहबाट जाजरकोट जिल्लाबाट निकासी हुने वन पैदावरको छोडपूर्जी सम्बन्धमा मिति २०७२।८।२५ मा च.नं. २६ मार्फत पठाएको पत्र जिल्ला वन कार्यालय, जाजरकोटमा मिति २०७२।८।२७ मा दर्ता भएकोमा सो कार्यालयबाट सोही मितिमा च.नं. ३२७ को पत्रमार्फत वन पैदावार स्थानान्तरण गर्न सहमति प्रदान भएको देखिन्छ। तर उजूरीकर्ताले यिनै विषयमा आयोगसमक्ष मिति २०७२।८।२५ मा उजूर दिएको देखिन्छ। वस्तुतः छोडपूर्जी बनाउनको लागि मिति २०७२।८।२५ मा मात्र पत्र जारी भई प्रतिवादी कार्यरत रहेको कार्यालयमा मिति २०७२।८।२७

.....

मा दर्ता भई सोही मितिमा निवेदकको काम सम्पन्न भइसकेकोमा सोही प्रयोजनका निमित्त प्रतिवादी लालबाबु झाले घुस/रिसवत माग गरेको भनी आयोगसमक्ष मिति २०७२।८।२५ मा नै उजुरवालाले दिएको उजूरी प्रथम दृष्टिमै (*Prima facie*) आधारहीन, अस्वाभाविक र अविश्वसनीय देखिन आयो। जुन पत्र प्रतिवादी कार्यरत रहेको कार्यालयमा पुगेकै छैन, त्यस पत्रबमोजिमको काम गर्नका लागि प्रतिवादीले घुस/रिसवत माग गरेको होलान् भनी अनुमान गर्नु न्यायोचित हुन सक्दैन। यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **"... केवल आधारहीन उजूरीको आधारमा लिएको माग दावी सम्बद्ध प्रमाणको अभावमा भ्रष्टाचार जस्तो कसूरमा सजाय गर्न मिल्ने देखिँदैन।"** [३] भनी व्याख्यासमेत भइरहेको पाइन्छ।

२४.प्रतिवादी लालबाबु झाको संयोजकत्वमा गठित छानविन समितिबाट मिति २०७२।८।२१ मा प्रस्तुत भएको प्रतिवेदनमा साधारण सभा बिना कीर्ते सम्झौता गरी खोटो निकाल्ने गरिएको, सामुदायिक वनको साधारण सभा प्रक्रियागत रुपमा बसेको नपाइएको, मिति २०६७।११।२८ को निर्णय पालना नभएको र जिल्ला वन कार्यालय वा मातहतका कार्यालयको रोहवरमा अनिवार्य रुपमा साधारण सभा बसाई त्यसमा भएको निर्णयानुसार मात्र खोटो संकलनको प्रक्रियाहरु अगाडि बढाउन उचित हुने राय तथा निष्कर्ष समाहित गरिएको देखिन्छ। प्रतिवादी लालबाबु झाले यस अदालतसमक्ष उक्त राय प्रतिवेदनबाट दीपक रेग्मीको ठूलो लगानी डुब्ने भएकोले मलाई फसाउन खोजेको हो भनी बयान गरेको देखिन्छ भने उजूरकर्ता दीपक रेग्मीले यस अदालतसमक्ष खोटो संकलन गर्न सम्झौता गरी पेश गर्दा काम ढिलासुस्ती गर्ने, उपभोक्ता समूहहरुको प्रतिवेदन उहाँले नकारात्मक दिनु भएको र मेरो धेरै रकम फसिसकेको रिसले निजलाई फसाउने नियतले समेत यो काम गरेको हो भनी बकपत्र गरेको देखिन्छ। यसरी प्रतिवादीको बयान र उजूरकर्ताको बकपत्रबाट यी दुई बीच रिसइवी रहे भएकोमा विवाद देखिँदैन। यसरी रिसइवी भएका उजूरकर्ताले दिएको उजूरीको आधारले मात्र प्रतिवादीले घुस/रिसवत माग गरेको वा लिएको भनी स्वतः अनुमान गर्न मिल्दैन। **वस्तुतः भ्रष्टाचार भनेको कसैको व्यक्तिगत रिसइवी साँध्नको लागि प्रयोग गर्ने गराउने हतियार होइन। अतः उजूरकर्ताले पूर्व नियोजित वा बनावटी वा रिसइवीको आधारमा घुस/रिसवत मागेको भनी झुठ्ठा दोषारोपण गरी प्रतिवादीलाई फसाउनका लागि उजूरी दिएको कारणले मात्र शंङ्कारहित ठोस प्रमाणको अभावमा प्रतिवादीले आरोपित कसूर गरेको ठहराउन फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन।** यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहायबमोजिमका कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छः

- **"... घुस लिँदै नलिएको राष्ट्रसेवक कर्मचारीलाई घुस लियो भनी कृत्रिम दोषारोपण गर्नु कम गम्भीर कुरा होइन। घुस जस्तो गम्भीर प्रकृतिको अपराध शंकारहित रुपबाट पुष्टि र प्रमाणित हुनुपर्दछ।**

[३] नेपाल कानून पत्रिका, २०६६ नि.नं. ८०८५ पृ. ३३२

कसैको व्यक्तिगत इवी साँध्नको लागि झुठ्ठा दोषारोपण गर्ने छुट कसैलाई छैन। यस्तो गम्भीर कसूरमा शंका र अनुमानको आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने।" [४]

- **"जाहेरवाला टेमलाल र प्रतिवादी राजेन्द्र प्रसाद सिंहको बीच नथुनी महतोको रुपैयाँ लेनदेन विषयमा रिसइवी रहेको भन्ने देखिँदा शंकारहित तरीकाबाट पुनरावेदक प्रतिवादी राजेन्द्रप्रसाद सिंहले घुस रिसवत लिएको भन्न मिल्ने देखिएन।"** [५]

२५. प्रस्तुत मुद्दामा उजूरकर्ता दीपक रेग्मीले छोडपूर्जीसमेत बनाउनका लागि प्रतिवादीले घुस मागेकोले निजलाई कारवाही गरिपाऊँ भनी उजूरी दिनुको साथै आयोगसमक्ष सो कार्यसमेत गर्नका लागि रु.४८,०००।- लालबाबु झालाई घुस दिएको भनी कागज गरेको देखिए तापनि निज उजूरकर्ताले यस अदालतसमक्ष सो उजूरी एवम् कागजको व्यहोरा खण्डित हुने गरी प्रतिवादीले घुस मागेको होइन। रिसको कारणले प्रतिवादी नभएको अवस्थामा फसाउने नियतले निजको कार्यकक्षको फाइल ऱ्याक टेबुलमा रकम छोडी गएको हुँ भनी बकपत्र गरेको देखिन्छ। यसरी उजूरकर्ता स्वयंले मौकाको उजूरी एवम् कागजको व्यहोरा खण्डित हुने गरी यस अदालतसमक्ष बकपत्र गरेको परिप्रेक्ष्यमा अन्य स्वतन्त्र प्रमाणबाट परिपुष्टि नभएसम्म निज प्रतिवादीले घुस/रिसवत लिएको भनी ठहर गर्नु न्यायोचित हुन सक्दैन। यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहायबमोजिमका कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छः

- **"...उजूरकर्ता टेकबहादुरले अनुसन्धानको क्रममा उल्लेख भएको व्यहोरा खण्डित हुनुका साथै निजले बकपत्र गर्दा रिसइवीका कारण उजूरी दिएको हुँ भनी बकपत्र गरेको देखिँदा अभियोग दावी प्रमाणित हुन सकेको देखिएन।"** [६]
- **"... उजूरीकर्ताबाट उजूरीलाई खण्डित हुने गरी अदालतमा बकपत्र गर्दछ भने त्यस्तो अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म प्रतिवादीले रिसवत लिएको भनी ठहर गर्न न्यायसँगत नहुने..."** [७]

२६. **परमार्थमा प्रस्तुत मुद्दाको प्रकृतिको परिप्रेक्ष्यमा बरामदी मुचुल्काको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । किनकी बरामदी मुचुल्का भनेको कसूरसँग सम्बद्ध दशी सामान कहाँ, कसबाट, के कति फेला परेको हो भनी दुरुस्त रुपमा देखाउने एउटा तस्वीर हो । जुन तस्वीर अलिकति मात्र धमिलो देखिएमा बरामदी मुचुल्काको**

---

[४] सर्वोच्च अदालत बुलेटिन, २०६८ पूर्णाङ्क ४६९ पृ. १३

[५] नेपाल कानून पत्रिका, २०४६ नि.नं. ३९५५ पृ. १००९

[६] नेपाल सरकार विरुद्ध नवराज श्रेष्ठसमेत, मुद्दाः घुस/रिसवत लिई भ्रष्टाचार गरेको, मुद्दा नं. ०७२-CR-०३६८

[७] नेपाल कानून पत्रिका, २०६६ नि.नं. ८०८५ पृ.३३२

विश्वसनीयतामा नै प्रश्न उठ्न सक्दछ। अतः प्रस्तुत मुद्दासँग सम्बद्ध बरामदी मुचुल्का हेर्दा, प्रतिवादी बसेको स्थानमा निजको शरीर तथा स्थानमा खानतलासी गर्दा रु.४८,०००।- बरामद भएको भन्ने व्यहोरासम्म उल्लेख भएको देखिन्छ तर सो रकम प्रतिवादीको शरीर वा बसेको स्थानमध्ये कहाँबाट बरामद भएको भन्ने प्रष्ट रुपमा उल्लेख भएको देखिँदैन। अभियोजन पक्षले आरोप-पत्रमा प्रतिवादीको शरीरबाट रकम बरामद भएको भनी दावी लिएको देखिन्छ तर प्रतिवादीले मेरो साथबाट रकम बरामद भएकै छैन भनी बयान गरेको देखिन्छ। बरामद भएको भनिएका नोटहरुको छाँयाप्रतिको पछाडिपट्टि मिति २०७२।८।२७ मा मेरो कार्यकक्षमा बरामद भएको व्यहोरा उल्लेख गरी प्रतिवादीले सहिछाप गरेको देखिन्छ। उजूरकर्ताले यस अदालतसमक्ष प्रतिवादी नभएको अवस्थामा निजको कार्यकक्षमा रहेको टेबुलमा रकम छोडी म बाहिरिएको हुँ भनी बकपत्र गरेको देखिन्छ। त्यस्तै वादी नेपाल सरकारका देहायका साक्षीहरुले बरामदी मुचुल्काको सम्बन्धमा यस अदालतसमक्ष देहायबमोजिम बकपत्र गरेको देखिन्छः

क्र.सं.	वादीका साक्षीहरु	बकपत्रको मूलभूत व्यहोरा
१	रामप्रसाद पण्डित	बरामद कहाँबाट भएको थाहा भएन।
२	मोहम्मद समिर आले हजाम	बरामद भएको देखिन। आयोगको टोलीले हप्काएकोले सही गरेको हुँ ।
३	टेकराज शर्मा	कार्य-कक्षबाट बरामद भएको हो ।
४	राधेश्याम चौधरी	मैले बरामद भएको देखिन।
५	पूर्णबहादुर चन्द	प्रतिवादीबाट रकम बरामद भएको देखिन।
६	पृथ्वीबहादुर बुढा	रकम कार्य-कक्षको टेबुलमा राखेको थियो। लालबाबु झाबाट बरामद भएको देखिन।
७	मोहन विष्ट	प्रतिवादीको पाइण्टको पछाडिको खल्तीबाट बरामद भएको।
८	कृष्णबहादुर विष्ट	ऐ.ऐ.
९	सरोजकुमार ठकुराठी	ऐ.ऐ.

२७. वस्तुतः प्रतिवादीको शरीरको कुन भागबाट अर्थात पाइण्ट, कमिज, कोटको खल्ती वा कार्य-कक्षको कुन स्थानबाट बरामद भएको हो सो कुरा बरामदी मुचुल्काबाट प्रष्ट रुपमा खुल्दैन। प्रतिवेदक कृष्णबहादुर बिष्टसमेतले दिएको प्रतिवेदनमा प्रतिवादीको शरीरबाट रकम बरामद भएको व्यहोराङ्कन भएको देखिन्छ। तर निज कृष्णबहादुर बिष्टसमेतले यस अदालतमा बकपत्र गर्दा प्रतिवादीको पाइण्टको पछाडिको खल्तीबाट

.....

बरामद भएको भनी बकपत्र गरेको देखिन्छ। यसरी माथि तालिकामा उल्लेख गरेअनुरुप वादी नेपाल सरकारका साक्षीहरुको बकपत्रमा पनि एक रुपता देखिँदैन। अतः सो बरामदी मुचुल्काको विश्वसनीयता रहेको मान्न सकिने अवस्था देखिन आएन। यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **"... यी प्रतिवादीहरुको शरीरको कुन भागबाट अर्थात कमिजको खल्तीबाट वा पाइण्टको खल्तीबाट वा कोटको खल्तीबाट वा निजहरुले लिई राखेको कुनै झोला इत्यादि कहाँबाट बरामद भएको हो सो कुरा पनि बरामदी मुचुल्काबाट खुल्दैन।... बरामद भएको भनिएको स्थान, समय, नोटको दर लगायतका कुराहरुमा वादी पक्षका साक्षीहरुको बकपत्रमा व्यापक र गम्भीर विरोधाभाष र अन्तर्विरोध रहेको देखिएको छ। यसबाट उक्त बरामदी मुचुल्काको विश्वसनीयतामाथि गम्भीर शंका उत्पन्न हुन गएको छ ।"** [८] भनी व्याख्या भइरहेको परिप्रेक्ष्यमा यस मुद्दामा रकम बरामद भएको भनी तयार गरिएको बरामदी मुचुल्काको आधारबाट मात्र प्रतिवादीलाई आरोपित कसूरमा दोषी ठहर गर्न कानूनअनुकूल हुने देखिन आएन।

२८. प्रस्तुत मुद्दामा अभियोजन पक्षले प्रमाणको रुपमा श्रव्यदृश्ययुक्त डि.भि.डी.समेत पेश गरेको देखिन्छ। प्रमाण ऐन, २०३१ ले अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुने र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनुपर्ने [९] कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा अभियोजन पक्षले पेश गरेको विद्युतीय माध्यमबाट सङ्कलित श्रव्यदृश्ययुक्त डि.भी.डी.लाई प्रमाणको रुपमा ग्रहण गरी मूल्याङ्कन गर्नुपर्ने देखियो। अतः उक्त श्रव्यदृश्ययुक्त डि.भि.डी. एवं त्यसको लिपिवद्धसमेत अवलोकन गर्दा प्रतिवादीलाई त्यो पैसा खल्तीमा राख, खल्तीमा राख, फेरि जबरजस्ती गर्नुपरे राम्रो हुँदैन। टेबुलमा रहेको पैसा देखाउँदै यो पैसा गन्नुस् भनी दवाबसमेत दिएको देखियो। **'फेरि जबरजस्ती गर्नुपरे राम्रो हुँदैन' भन्ने शब्दावलीले डर, त्रास, धम्की वा करकापपूर्ण कारवाहीको प्रतिनिधित्व गर्दछ । यसरी अनुसन्धान कारवाहीको क्रममा जबरजस्ती तत्त्वको प्रयोग गर्नु भनेको स्वच्छ सुनुवाइको सिद्धान्तमाथि प्रहार गर्नु सरह हो ।** यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट २०२१ सालमा नै **"... घुस खाई भ्रष्टाचार गऱ्यो भन्ने आरोप कुनै कर्मचारीउपर लगाई निजलाई दोषी बनाउँदा उक्त कर्मचारीले स्वतः घुस मागी लिएको हो र घुस लिने मनसाय थियो भन्ने कुरा प्रमाणित गर्न सक्नु पर्छ । कारवाईमा जबरजस्तिपनाको आभाषसम्म पनि हुनु हुन्न।"** [१०] भनी कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छ । वस्तुतः राष्ट्रसेवकले रिसवत/ घुस लिनु एउटा गम्भीर कसूर हो। यो कसूर विद्यमान कानून र

---

[८] नेपाल सरकार विरुद्ध युवराज खड्कासमेत, मुद्दा- रिसवत लिई भ्रष्टाचार गरेको, सम्वत् २०६६ सालको CR-०२१५ समेत।

[९] प्रमाण ऐन, २०३१ दफा ३

[१०] नेपाल कानून पत्रिका, २०२१ नि.नं. २२९ (समन प्रकाशन) पृ.२६

सुशासनको सिद्धान्तसमेतको प्रतिकूल कार्य हो। तर घुस/रिसवत लिँदै नलिएको राष्ट्रसेवक कर्मचारीलाई जबरजस्ती दवाब दिई घुस लिएको भनी कृत्रिम दोषारोपण गर्नु कम गम्भीर कुरा होइन। माथि उल्लिखित श्रव्यदृश्यबाट प्रतिवादीलाई टेबुलमा रहेको पैसा गन्न र खल्तीमा राख्न जबरजस्ती गरेको आभाष झल्किन्छ। यस स्थितिमा प्रतिवादीले घुस/रिसवत लिएको ठहर गर्न स्वच्छ सुनुवाइको सिद्धान्तले समर्थन गर्दैन।

२९.यसरी माथि विवेचना गरेअनुरुप आधारहीन एवम् अवास्तविक उजूरी, उजूरकर्ता एवं वादी पक्षका साक्षीहरुको विरोधाभाषपूर्ण बकपत्र, यहाँबाट रकम बरामद भएको भनी प्रष्ट नभएको अविश्वसनीय बरामदी मुचुल्का र रिसइवी एवं जबरजस्ती तत्वयुक्त कारवाहीको आधारमा यी प्रतिवादी कसुरदार हुन् भन्ने निष्कर्षमा पुग्न कानूनसम्मत र न्यायपूर्ण हुने देखिँदैन ।प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपित कसूर गरेका हुन् कि भनी शंका गर्नुभन्दा यिनलाई रिसइवीको कारणले फसाएको हो कि भनी शंका गर्नुपर्ने अवस्था रहेको छ।

३०.परमार्थमा भ्रष्टाचार जस्तो गम्भीर कसूर स्थापित हुनको लागि प्रतिवादीबाट रकम बरामद हुनु नै पर्याप्त प्रमाण हुन सक्दैन। प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले नै घुसको रुपमा रकम लिएको तथ्य वस्तुनिष्ठ एवम् विश्वसनीय र प्रचुर एवम् पर्याप्त प्रमाणबाट परिपुष्टि हुनु पर्दछ। यस विषयमा भारतीय सर्वोच्च अदालतबाट एक मुद्दामा **"... The Law on the issue is well settled that demand of illegal gratification is sine qua non for constituting an offence under the Act, 1988. Mere recovery of tainted money is not sufficient to convict the accused when substantive evidence in the case is not reliable, unless there is evidence to prove payment of bribe or to show that the money was taken voluntarily as a bribe. Mere receipt of the amount by the accused is not sufficient to fasten guilt, in the absence of any evidence with regard to demand and acceptance of the amount as illegal gratification."**[11] भनी भएको व्याख्या सान्दर्भिक देखिन्छ।

३१.प्रस्तुत मुद्दा फौजदारी मुद्दा भएकोमा विवाद छैन। अतः फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने (**Offence must be Proved by the Prosecutor**) सिद्धान्तलाई प्रमाण ऐन, २०३१ ले आत्मसात् गरी कानूनी व्यवस्थासमेत समाहित गरेको पाइन्छ।[१२] यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **"कसैउपर दोषारोपण गर्नु मात्र पर्याप्त हुँदैन। शंकारहित ढंगबाट ठोस प्रमाणद्वारा प्रमाणित गराउन सक्नुपर्छ"**[१३] भनी कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छ तर अभियोजन पक्षले आरोप-

---

[११] State of Punjab V. Madan Mohan Lal verma, 2013 (6) Supreme l: 2013 (10), Scale 211, 2013(8) SCJ 601: AIR 2013 SC 3368.

[१२] प्रमाण ऐन, २०३१ दफा २५

[१३] सर्वोच्च अदालत बुलेटिन, २०६८ पूर्णाङ्क ४६९ पृ. १३

दावीअनुरुप प्रतिवादीले आपराधिक मनसायसहित आपराधिक कार्य गरी आफ्नो स्वेच्छाले सेवाग्राहीसँग घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूर गरेकै हो भनी शंकारहित तवरबाट वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा अन्दाज, आशंका र अनुमानको आधारमा निज प्रतिवादी लालबाबु झाले आरोपित कसूर गरेको ठहर गर्न फौजदारी न्यायको **"शंकाको सुविधा अभियुक्तले पाउने" (Benefit of doubt goes to the accused) एवम् निर्दोषिताको अनुमान (Presumption of innocence)** सम्बन्धी सिद्धान्तले अनुमति प्रदान नगर्ने हुँदा निज प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने देखियो।

३२.अब दोश्रो प्रश्नतर्फ विचार गर्दा, प्रचलित कानूनको बर्खिलाप कार्य गर्ने व्यक्तिलाई मात्र जति मात्राको कसूर गरेको छ सोहीअनुरुप सजाय दिनु दण्डको सार र सिद्धान्त हो। तर आरोपित कसूरमा प्रतिवादीको संलग्नता नदेखिएको अवस्थामा सजाय गर्ने कुरा हुँदैन ।प्रस्तुत मुद्दामा माथि विवेचना गरेअनुरुप प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि नभई आरोप-दाबीबाट निजले सफाई पाएको स्थितिमा निज प्रतिवादीका उपर सजायको उद्घोष गरिरहनु पर्ने अवस्था नै देखिन आएन।

३३.माथि विवेचित आधार एवम् कारणबाट प्रतिवादी लालबाबु झाले आरोप-दाबीअनुरुप सेवाग्राहीसँग रिसवत/घुस लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको वस्तुनिष्ठ रुपमा पुष्टि भएको देखिन आएन । अतः निज प्रतिवादीले आरोप-दाबीबाट सफाइ पाउने ठहर्छ । अन्य कुराका हकमा तपसिलबमोजिम गर्नुहोला ।

तपसिल-खण्ड

प्रतिवादी लालबाबु झाले आरोप-दाबीबाट सफाइ पाउने ठहरेकाले अनुसन्धानको क्रममा प्रतिवादीले रु.९६,०००।- धरौटी राखेको देखिंदा यस अदालतमा थुनछेक प्रयाजनको लागि सो धरौटीमध्ये रु.४८,०००।- धरौटी कायम भै सो धरौटी अ.दु.अ.आयोग, म.प. क्षेत्रीय कार्यालय सुर्खेतबाट मगाई यस अदालतको धरौटी र.नं. ३४९८ मिति २०७३/३/२९ मा धरौटी खातामा राखेको देखिंदा प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त धरौटी रकम निज प्रतिवादीले फिर्ता पाऊँ भनी दरखास्त दिए प्रतिवादीलाई नियमानुसार फिर्ता दिनू.....१

.....

आरोपपत्रसाथ दाखिल भएको बरामदी रकम रु.४८,०००/- यस अदालतको धरौटी र.नं. ८७० मिति २०७५/२/२० मा धरौटमा राखेको देखिंदा उक्त रकम नियमानुसार अ.दु.अ.आयोग, म.प. क्षेत्रीय कार्यालय सुर्खेतमा फिर्ता पठाइदिनू.....२

यस फैसलामा चित्त नबुझे विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिमको म्याद दिन ३५(पैंतीस) भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानुहोला भनी विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई फैसलाको प्रमाणित प्रतिलिपी साथै राखि पुनरावेदनको म्याद दिनू.....३

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे नियमानुसार फैसलाको प्रमाणित प्रतिलिपि दिनू.....४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू.....५

सदस्य **सदस्य** **सदस्य**

<u>फैसला लेखनमा सहयोग गर्नेः</u>
इजलास अधिकृतः केशब पराजुली
कम्प्युटर गर्नेःक.अ. गिता घिमिरे गिरी
इति सम्वत् २०७५ साल जेष्ठ महिना ७ गते रोज २ शुभम्.....

.....